# सानीभेरी गाउँपालिका,
# सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

खण्डः ५ संख्या :१६ मितिः २०७८/०७/१७


# भाग-२
# सानीभेरी गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड तथा नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## सानीभेरी गाउँपालिका स्वास्थ्य नीति २०७८

### १. पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा सानिभेरी गाउँपालिका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुर्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गुणस्तरीय तथा प्रभावकारी, विश्वसनीय, आधुनिक प्रविधिमय स्वास्थ्य सेवा मार्फत समग्र मानव विकास सूचकाङ्कमा सुधार ल्याई यस गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, परिवार नियोजनका साधानहरुको प्रयोग दर मा वृद्धि गर्नु,बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, उमेर नपुक्दै गर्भधारण हुने संख्यामा कमि ल्याउनु, स्वास्थ्य बीमा कार्यक्रम लाई प्रभावकारी रुपमा सवै सामु पुऱ्याउनु, धुमपान र मद्यपान प्रयोगकर्ताको संख्यामा कमि ल्याउनु, अव्यवस्थित,मापदण्ड विपरित तथा अबैधानिक तवर ले सन्चालित स्वास्थ्य सँग सम्बन्धित संसहरुको नियमित निगरानी, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, सशस्त्र द्वन्दकालका घाईते तथा अपाङ्ग, एकल महिला, खास गरी अति गरिब, गरिब तथा विपन्न, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन गाउँपालीकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिकाबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत **सानीभेरी गाउँपालिकाको स्वास्थ्य नीति, २०७८** तयार गरिएको छ ।

## २.समिक्षा

### क) विगतमा गरिएका प्रयासहरु

गाउँपालिकाले स्वास्थ्य सरसफाई ऐन २०७५,गाउँपालिका स्वास्थ्य वस्तुस्थिति विष्लेष्ण २०७६,स्वास्थ्य संस्था दर्ता कार्यविधि २०७५, स्वास्थ्य योजना र गाउँपालिका अस्पताल सचालन २०७६ कानून को आधारमा स्वास्थ्य सम्बन्धी नीति योजना निर्माण, मापदण्ड अनुसार स्वास्थ्य संस्थाबाट दर्ता अनुगमन र नियमण गरिनेछ । संघिय सरहकारबाट प्राप्त शसर्त कार्यकम र बजेटसँग तालमेल गरी स्वास्थ्यका कार्यकमहरुलाई प्रभावकारी सेवा प्रवाह गरिएको थियो । गाउँपालिका अस्पताल,स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु बाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप प्रभाकारी,गुणस्तरीय बनाउन र औषधि उपकरणको अभाव हुन नदिन बजेट ब्यवस्था गरिएको थियो ।

गाउँपालिका अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा,सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरग र अन्तरग सेवा विस्तार,गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने क्षोत व्यवस्था गरिएको छ । स्थानिय स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी बनाईनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरुको मनोबल बढाउने तथा स्वास्थय क्षेत्र शुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिईएको । गाउँपालिकामा कोराना भाईरस रोगको संकमण रोगथाम ,उपचार र नियन्त्रणका लागि संघिय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवास्थापन गर्दै महामारी रोग नियन्त्रण्न तथा

प्राकृतिक ढगले परिचालन गरिएको थियो । स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित र प्रभाकारी बनाउन सम्पुर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाईन माध्यमबाट प्रतिबेदन प्रविष्ट गर्ने व्यवस्था मिलाईनुका साथै तथा तथ्याकको गुणस्तर सुधारको लागि नियमित तथ्याक गुणसस्तर परिक्षण तथा समिक्षा कार्यलाई थप व्यवस्थित गरिनेछ । स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थय र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिएको थियो । विगत वर्षदेखि सन्चालित जेष्ठ नागरिक ५ वर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई उपलब्ध गराउदै आएको निशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइएको छ । उच्च रक्तचाप,क्यान्सर,मधुमेह,दम,कलेजो,मिर्गौला लगायतका नसर्ने रोगको पहिचान,परीक्षण र उपचारका कार्यक्राहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइएको छ । स्वास्थयका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानिय,राष्टिय तथा अन्तराष्टिय संघ संस्था साथै दातृ निकायहरुसँग समन्वयन गरी स्वास्थ्य क्षेत्रमा स्रोतको व्यवस्थापन गर्न पहल गरिएको थियो । सुरक्षित मातृत्व,बालस्वास्थ्य,खोप, परिवार नियोजन लगायतका प्रतिकारात्मक, प्रवर्द्दनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनिति अबलम्बन गरिएको छ ।

स्वास्थ्य संस्थामा विशेज्ञ सेवा उपलब्ध गराउन प्रदेश सरकारसँग समन्वय गरी गाउँपापलिका अस्पताल बाट टेलिमेडिसिन सेवा सन्चालन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । घरमा प्रसुति हुने कार्यलाई निरुत्साहित गरी स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलाहरुको प्रतिशतमा बृद्दि गर्न प्रसुति केन्द्रहरुलाई व्यवस्थित र प्रभावकारी बनाएको छ । स्वास्थ्य सेवामा दिगो,सर्वसुलभ,गुणस्तर समान पहँच हुने गरी गाउँपालिकामा १ वटा १५ शैया अस्पताल ,४ वटा स्वास्थ्य चौकी,७ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र ,३ वटा बथिङ्ग सेन्टर,१७ वटा खोप केन्द्र,५ वटा गाउँघर क्लिनिक संचालनमा आई सेवा प्रवाह गरिएको छ । वडाहरुमा भवन निर्माण र आधारभुत स्रोत साधन पुरा गर्ने प्रक्रियामा गाउँपालिका अगाडि बढेको छ । १५ शैया गाउँपालिका अस्पतालमा गापा अनुदान बाट अधिकृत,ल्याब टेक्निसियन, फार्मेसि,स्टाफ नर्स, डार्करुम, अनमि र दर्ता चलानि जनशक्ति व्यवस्था गरिएको र आवश्यक अनुसार स्तर बृद्दि गर्दै आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिका अस्पताल भवन निर्माणको प्रक्रिया अगाडी बढेको छ ।

स्वास्थ्य क्षेत्रमा सबैको लागि गुणस्तरीय सेवा र समान पहुँच सुनिश्चित गर्न स्वास्थ्य सुधार योजना अर्न्तगत आवश्यकता अनुसार गाउँपालिका स्थायी र अनुदान करार स्वास्थ्य कर्मचारी सरुवा ,आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा इन्चार्ज नियुक्ति स्वमुल्याङ्कनको विधि निर्माण गरी कार्यन्वयन गर्ने , स्वमुल्याङ्कनमा पहिलो दोश्रो र तेस्रो हुने स्वास्थ्य संस्थालाई पुरिष्कृत गर्ने र सबैभन्दा कम अङ्क ल्याउने स्वास्थ्य संस्थाका स्थायी कर्मचारीहरु लाई सरुवा र करार स्वास्थ्य कर्मचारीहरुलाई करार मुक्त गर्ने गत वर्षको नीति कायम गरिएको छ ।

सानीभेरी गाउँपालिका भित्र मानव सभ्यताको बिकास क्रम संगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०४८ तिर ५ वटा स्वास्थ्य चौकी स्थापना पछी भएको हो । वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि. सं २०५० पछी सिम्ली ,पूर्तिमकाँडा, अर्मा, दुली र गरायला उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो जुन पछी स्वास्थ्य चौकीमा स्तर उन्नति गरीए ।

१० वर्षे जनयुद्ध .२०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाउँपालीका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाउँपालीका बासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्बेवारीहरु पूरा गर्न गाउँपालीका अर्न्तगत आधारभुत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने यस मातहतका स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन् । यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई सञ्चालनमा आइसकेका छन्।

यस गाउँपालीकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरिरहेको छ । आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालीकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ ।

**ख. विद्यमान स्थिती :**

सानीभेरी गाउँपालिकाको जनसंख्या २४१६० बसोबास गर्ने रहेको छ र गाउँपालिकाको क्षेत्रफल १३३.८वर्ग किमि रहेको छ । यस गाउँपालिकामा १ गाउँपालिका अस्पताल, आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ४ स्वास्थ्य चौकी, ३ बर्थिड सेन्टर ७ आधारभुत स्वास्थ्य सेवा केन्द, ५ गाँउघर क्लिनिक, १७ खोप क्लिनिक, ३९ जना महिला स्वास्थ्य स्वयम्सेविका छन भने आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न कुनैपनि स्वास्थ्य संस्था रहेका छैनन् । गाउँपालिका

अर्न्तगतका २ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन उपलब्ध छ। आ.व. २०७७।७८ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकामा २४१४२ जना बिरामीले बहिरंग सेवा लिएका मध्ये ६१ प्रतिशत महिलाहरु रहेका छन्। यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ५२ जना स्वास्थ्यकर्मिद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ। स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा १ जना स्वास्थ्यकर्मीले ४६५ जनालाई सेवा दिनुपर्ने अवस्था रहेको छ ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन्। बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा क्रमस बृद्धि भएता पनी गुणस्तर सेवा अभाव छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यता र आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेखनीय रुपमा बृद्धि हुन सकेको छैन । आ.व २०७७/७८ को तथ्यांक अनसार ३८ प्रतिशत महिलाले मात्र स्वास्थय संस्थामा प्रसती गराएको देखिन्छ । यस गाउँपालिकामा ९७.४ प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | सानीभेरी गाउपालिकाको तथ्याङ्क DHIS-2 | | | गाउँपालिकाको पञ्चबर्षीय लक्ष २०२५ | दिगो विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | | |
| १ | सिफारिस गरिए अनुसार प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | | | ४५.३ | ६२ | ७३.७ | ९० | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५६ | ६२ | १८.७ | २७.६ | ४२.४ | ९० | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७ | | ४.९ | १३.७ | २० | ९० | ९० | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | सानीभेरी गाउपालिकाको तथ्याङ्क DHIS-2 | | | गाउँपालिका को पञ्चबर्षीय लक्ष २०२५ | दिगो विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४५ | १८.३ | २३.९ | २३.३ | ४५ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५८ | ३६ | २१.५ | २९.४ | ३७.५ | ८० | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७४.३ | ८२.३ | ९७.४ | १०० | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | १३ | ४ | ९ | ० | ० | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपाल तथा प्रदेशकोउल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक

आर्थिक वर्षको २०७७/०७८ को तथ्यांक अनुसार ४ पटक गर्भवति जाँच गराएका गर्भवति महिलाहरुको प्रतिशत ४२.४ प्रतिशत रहको छ भने गाउँपालिकाको पन्च बर्षीय लक्ष्य २०२५ र दिगो विकाश लक्ष्य ९० प्रतिशत छ। संस्थागत प्रसुति सेवाको प्रतिशत ३७.५ छ भने गाउँपालिकाको पन्च बर्षीय लक्ष्य २०२५ मा ८० र दिगो विकाश लक्ष्य २०३० सम्म ९० प्रतिशतमा ल्याउने लक्ष्य रहेको छ । थप स्वास्थ्यकर्मिहरुलाई यथासिघ्र सुरक्षित प्रसुति सेवा तालिमको व्यवस्था गरि सतप्रतिशत संस्थागत प्रसुति सेवा दक्षप्रसुतिकर्मिद्धारा गराउनका लागि थप पहल भैरहेको छ ।

प्रोटोकल अनुसार ३ पटक प्रसुति पश्चातको सेवा लिएको प्रतिशत २० पुगेको छ भने गाउँपालिकाको पन्च बर्षीय लक्ष्य २०२५ र दिगो विकाश लक्ष्य २०३० सम्म ९० प्रतिशतलाई प्रोटोकल अनुसार ३ पटक प्रसुति सेवा दिने लक्ष्य रहेको छ। आ.व २०७७/०७८ देखि स्वास्थ्य संस्थाहरुमा PNC होम भिजिट कार्यक्रम पनीलागु गरिएको छ र यस कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त गर्ने गरि थप समन्वय, छलफल, तालिमको व्यवस्था भैरहेको छ ।

परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत २३.३ रहेको छ भने गाउँपालिकाको पन्च बर्षीय लक्ष्य २०२५ मा ४५ र दिगो विकाश लक्ष्य २०३० सम्म ६० प्रतिशलाई परिवार नियोजनका आधुनिक साधनहरुको सेवा दिने लक्ष्य रहेको छ ।

सानीभेरी गाउँपालिमा सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ३. विद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसर

### ३.१. समस्या

स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको भएता पनि सानीभेरी गाउँपालिकाले सम्बोधन गर्नु पर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन । संविधानको भावना अनुसार स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउन सबै वडामा आधारभुत स्वास्थ्य संस्थाहरु स्थापना भैसकेको र भौगौलिक विकटतका कारण स्वास्थ्य सेवा प्रवाहलाई जनभावना अनुरुप गुणस्तरीय बनाउ स्वास्थ्य कर्मीहरुको वृति विकासका साथै उत्प्रेरणा र कमी, प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग नभएको ,निजी क्षेत्रको सूचना एकिकृत गर्न नसक्नु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचनामा कमि, भण्डारण तथा बितरणको उपयुक्त व्यबस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रर्याप्त वजेट र लगानी अप्रर्याप्त, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परिक्षण आदि प्रभावकारी रुपमा व्यवस्थापनमा कमि देखिएको र साथै वाताबरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित ब्यावस्थापनमा ढिलाई भएको ,सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यबस्थापन गर्नमा असहज साथै स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त आदी जस्ता समस्याहरु रहेका छन ।

### ३.२. चुनौती

- सानीभेरी गाउँपालिकाभित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा समान पहुँच पुग्न सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।

- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नु पर्नेछ ।
- सानीभेरी गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको बारेमा सचेतना तथा रोकथामको लागि प्रभावकारी कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।
- सानीभेरी गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ, त्यसै कारण बेलाबखत झाडापखाला, टाईफाइड, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।
- नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । आर्थिक वर्षको २०७७/०७८ को तथ्यांक अनुसार अझै पनि यस गाउँपालिकाका धेरै महिलाहरु घरैमा सुत्केरी हुने, किशेरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।
- सानीभेरी गाउँपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- अपाङ्गता सम्बन्धी कान नसुन्ने, आँखा नदेख्ने, दृष्टि कमजोर लगायत मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा लगानी वृद्धि गर्नुपर्ने अवस्था छ ।
- प्रयोगशाला सेवा र औषधी उपकरण आदिको प्रयाप्त आपूर्तिहुन सकेको छैन ।
- जलवायु परिवर्तन तथा प्राकृतिक विपद, बढ्दो खाद्य असुरक्षाले स्वास्थ्य समस्या बढिरहेको अबस्थामा छ ।
- स्वास्थ्य क्षेत्रमा प्रर्याप्त लगानी छ। स्वास्थ्य क्षेत्रमा गरेको लगानीले सम्पुर्ण विकासमा सकारात्मक प्रभाव पार्दछ भन्ने चेतना सम्बन्धित तह निकाय र आम जनतामा पुर्ण रुपमा आभास हुन सकेको छैन ।

**३.३. अवसर**

- गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा विभिन्न नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सकिने अवस्था रहेको,
- एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गरी तथ्यमा आधारित योजना निर्माण गर्न सकिने तथा प्रविधि अधिकतम प्रयोग तथा पहुँचमा बृद्धि गर्न सकिने
- गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा आवधिक योजनाहरु, वित्तीय रणनीति तथा लागत सहितको कार्ययोजना बनाई लागूगर्न सकिने,
- जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था तथा जनप्रतिनिधिहरुको उत्साह र उच्च प्रतिवद्धता रहनु गाउँपालिकामा सहयोग तथा साझेदारीको लागि स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन्
- गैह्रसरकारी संघ संस्थाहरुको प्राथमिकतामा समेत यस गाउँपालिका परेको संदर्भमा अधिकतम साझेदारी गरी स्वास्थ्य कार्यक्रम तथा प्रणाली सुधार गर्न सकिने अवस्था रहेको छ ।

## ४. स्वास्थ्यनीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७८को कार्यान्वयन गरिनेछ ।

### ४.१ निर्देशक सिद्धान्त

- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको ब्यबस्था स्थानीय तहद्वारा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने र स्वास्थ्य जनताको अधिकार हो भन्ने कुरा प्रति प्रतिबद्ध रहने ।
- समानता, जवाफदेहीता, जनसहभागिता, जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि राष्ट्रिय स्वास्थ्य नीतिअनुरुप ‘सबैका लागी स्वास्थ्य‘ अभियान अघि बढाउन प्रयत्नशिल रहने ।
- स्वास्थ्य क्षेत्रमा स्थनिय तहको लगानी अभिबृद्धि गर्दै स्वास्थ्य क्षेत्र मार्फत समग्र विकासको अवधारणालाई सफल बनाउन प्रयत्नशील रहने ।
- नागरिकको स्वस्थ्य सुधारको लागि स्थानिय तहले स्वास्थ्यको क्षेत्रमा लगानी बृद्धि गर्न विशेष प्राथमिकता दिने । आवश्यक पूर्वाधारहरुको निर्माणमा जोडदिई स्वास्थ्यमा नागरिकहरुको पहुँच सुनिश्चित गर्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरिय र सर्वसुलभ बनाउन तथा तथ्यमा आधारित योजना बनाउन स्वास्थ्य अनुसन्धान तथा विश्लेषणमा जोड दिने। जनसंख्या, भूगोल, र संघिय संरचना अनुरुप आवश्यकपर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मिहरुको संख्या र गुणस्तरमा बृद्धि गर्नकालागी पहल गर्ने ।
- स्वास्थ्य सेवा सम्बन्धि सुचनाको हक समुदायमा भएका प्रत्यक नागरिकले प्राप्त गर्नेकुरा सुनिश्चित गर्ने ।

## ५. गाउँपालिका स्वास्थ्य नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ भावी सोच (Vision)

सानीभेरी गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्येय (Mission)

उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी सरोकारवालाहरु सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

सानीभेरी गाउँपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

### ५.४. उद्देश्यहरू (Objectives)

- सानीभेरी गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।
- सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि , औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

### ६.नीतिहरु

**सानीभेरी गाउँपालिकाको विद्यमान स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै सानीभेरी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालीकाले देहायका नीति अवलम्वन गरेको छ ।**

६.१.सानीभेरी गाउँपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

६.२ सानीभेरी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ सानीभेरी गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरेर जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४ सानीभेरी  गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

६.५सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने  रणनीति अबलम्बन गरिने छ ।

६.६ सानीभेरी गाउँपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।

६.७ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.८ स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई सानीभेरी गाउपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.९ सानीभेरी गाउँपालिका  बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक,  अपाङ्ग नागरिक, महिला बालबालीका, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध र जनआन्दोलनका घाईतको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

६.१० सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.११ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपतकालिन अवस्था महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ ।

६.१२ स्वास्थ्य क्षेत्रमा सानीभेरी गाउपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१३.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

६.१४ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१५ सानीभेरी गाउँपालिका बासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टियुक्त स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१६सानीभेरी गाउँपालिकाको जनसंख्यालाई ब्यवस्थापन गरी समग्र बिकासमा परीचालन गरीने छ ।

**७. नीति अर्न्तगत रणनीतिहरुः**

**नीति १. सानीभेरी गाउँपालिका वासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

**रणनीति १.१** यस सानीभेरी गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन ।

**रणनीति १.२** भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

**रणनीति १.३** सानीभेरी गाउँपालिका  र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

**रणनीति १.४** सानीभेरी गाउँपालिका  र सरोकारवालाहरु सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २ सानीभेरी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

**रणनीति २.१** सानीभेरी गाउँपालिका  भित्रको स्वास्थ्य संस्थाको स्तरोन्तीका लागी पहल गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ यस अन्तरगत गाउपालीका अस्पताल संचालन गरीयकोछ ।

**रणनीति २.२** सानीभेरी गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य इकाइ, गाउघर किल्निक, खोप केन्द्र, बर्थिङ सेन्टर तथा रोमिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

**रणनीति २.३** नाक, कान, घाटी, दन्त, स्त्री तथा प्रसुति रोग, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईने छ । सानीभेरी गाउँपालिकाका ग्रामीण भेगमा समय समयमा विशेषज्ञ सेवा सहितको  निःशुल्क स्वास्थ्य शिविरहरु नियमितरुपमा संचालन गरिने छ

**नीति ३. सानीभेरी गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

**रणनीति ३.१.** सुर्तिजन्य पदार्थ, मादक पदार्थ, पलास्टि र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ ।

**रणनीति ३.२** सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग  नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

**रणनीति ३.३.** तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु ( Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ ।

**रणनीति ३.४.** बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइने छ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic )संचालन गरिनेछ ।

**रणनीति ३.५** मानसिक रोगीका लागी पुर्नस्थापना केन्द्रहरु सँग सहकार्य गरी त्यहाँ सम्म पुरयाउने र उपचार गर्ने व्यवस्था गरिने छ ।

**रणनीति ३.६** नसर्ने रोगहरु रोकथामको लागि अत्यावस्यकीय प्याकेज Package of Essential Noncommunicable (PEN) लाई न्युनतम पनि सबै स्थानीय स्वास्थ्य संस्थाबाट लागू गरिने छ ।

**रणनीति ३.७** उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

**रणनीति ३.८** उच्च रक्तचाप र मधुमेह रोगको उपचार ब्यबस्था उपलब्ध गराइने छ साथै प्रर्वधानात्मक गतिविधीलाई विशेष प्राथमिकता दिइने छ ।

**रणनीति ३.९** स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण, ल्याव परिक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

**रणनीति ३.१०** खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ,

**रणनीति ३.१२** योगा अभ्यास तथा शारीरीक ब्यायाम जस्ता कृयाकलापलाई प्रवधन गरिने छ ।

**नीति ४ सानीभेरी गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

**रणनीति ४.१.** सानीभेरी गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ ।

**रणनीति ४.२.** आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन, सामुदाईक स्वास्थ्य एकाई स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको

बिस्तार गर्ने व्यवस्था मिलाईने छ। साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ।

**रणनीति ४.३.** सानीभेरी गाउपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ, प्रयोगशाला लाई क्रमशः स्थापना गरि व्यवस्थित रुपमा संचालन गरिनेछ।

**रणनीति ४.४.** प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा बिस्तार गरिने छ र साथै उत्कृष्ट कार्य सम्पादन गरेको स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी लाई क्रमश पुरस्कृत गरिने छ।

**रणनीति ४.५** नँया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षय रोग कुष्ठ रोग आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन बिद्युतीय आपुर्ति व्यवस्थापन प्रणाली (eLMIS) बाट गरिने छ।

**रणनीति ४.६** सानीभेरी गाउपालिकामा आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ।

**नीति ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ।**

**रणनीति ५.१** राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार सानीभेरी गाउँपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व,उत्तर प्रसूती जाँच, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ।

**रणनीति ५.२.** स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) जुकाको औषधि वितरण स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय व्यवस्थापनसँगसहकार्य गरिनेछ।

**रणनीति ५.३** सरकारी विद्यालय मा अध्ययनरत सम्पुर्ण विधार्थीहरुको लागी वर्षको एक पटक रगत,दिशा,पिसाव को नि शुल्क ल्याव परिक्षण गरिने छ।

**रणनीति ५.४.** मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि उक्त लक्ष हासिल गर्न विशेषगरी प्रोटोकल अनुसार गर्भवती जाँच, पुर्ण संस्थागत प्रसुति, प्रोटोकल अनुसार शत प्रतिसत सुत्केरी जाँच सेवाको लागि कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ।

**रणनीति ५.५**.आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी किशोर किशोरी मैत्री प्रजनन् सेवा, सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

**रणनीति ५.६** बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ साथै पालीका तथा स्वास्थ्य संस्थामा आकास्मिक मातृ सुरक्षा कोष स्थापना गरीनेछ ।

**रणनीति ५.७** नवजातशिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**रणनीति ५.८** गाउँपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक रुपमा लिइनेछ ।

**रणनीति ५.९** परिवार योजना कार्यक्रम प्रभावकारी बनाउन सवै स्वास्थ्य चौकीवाट ५ प्रकारको परिवार नियोजन सेवा उपलब्ध गराउने र जिल्ला अस्पतालबाट नियमित स्थाइ बन्ध्याकरण सेवा दिने व्यवस्था गराइनेछ ।

**नीति ६.सानीभेरी गाउपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

**रणनीति ६.१**. विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी सानीभेरी गाउँपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ । संस्थाहरुमा स्वास्थ्य जनशक्तिको पुनरावलोकन गरिने छ ।

**रणनीति ६.२**. बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

**रणनीति ६.३** जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा सानीभेरी गाउपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई लागि प्रोत्साहित गरिनेछ ।

**रणनीति ६.४** सानीभेरी गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित ब्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ ।

**रणनीति ६.५** स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**रणनीति ६.६** आवश्यकताको आधारका स्वास्थ्य संस्था हरुको दरबन्दी संरचनाको निर्धारण गरिने छ ।

**रणनीति ६.७** स्वास्थ्यकर्मीरुलाई दक्षता अभिवृदिका लागि विषयगत तालिम, गोष्ठी तथा विभिन्न निकाय हरु सँग सहकार्य गरी आवश्यक तालिमको व्यवस्था गरीने छ ।

**रणनीति ६.८** स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वंयसेविका का लागि वर्षमा एक पटक अवलोकन भ्रमणको आयोजना गरीने छ ।

**रणनीति ६.९** ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयम सेविकालाई विशेष सम्मान सहित विदाई गरिने छ साथै समय अनुकुल महिला स्वास्थ्य स्वयम सेविकाको मापदण्ड निधारण गरी लागु गरीने छ ।

**नीति ७. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्व साधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

**रणनीति** ७.१. सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन नियमन गरिनेछ ।

**रणनीति** ७.२. स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा  सानीभेरी गाउँपालिका  तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरि ब्यवहारमा ल्याइनेछ ।

**रणनीति** ७.३. दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा सहुलियत दरको फार्मेसी सेवा थप गरिने छ ।

**रणनीति** ७.४. प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक निकायसँग समन्वय गरिनेछ ।

**नीति ८.स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई  सानीभेरी गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

**रणनीति** ८.१ आवधिक रुपमा आयोजना गरि सानीभेरी गाउँपालिका  भित्र स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्यकर्मी एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

**रणनीति** ८.२ सानीभेरी गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति** ८.३ सानीभेरी गाउँपालिकामा एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।

**रणनीति** ८.४ सानीभेरी गाउँपालिकाका स्वास्थ्य सुचना प्रभावकारी र व्यवस्थित बनाउन स्वास्थय शाखा तथा स्वास्थ्य संस्थाहरुवाटनै नै Online reporting तथा तथ्याक विश्लेषण कार्य बिस्तार तथा नियमित गरिनेछ ।

**नीति ९.सानीभेरी गाउँपालिका  बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक,  अपाङ्ग नागरिक, महिला बालबालीका, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध र जनआन्दोलनका घाईतको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

**रणनीति** ९.१. सानीभेरी गाउँपालिका  भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् ।

**रणनीति** ९.२.कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन dignity kit उपलब्ध गराइनेछ ।

**रणनीति** ९.३. अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् ।

**रणनीति** ९.४.प्रेषण प्रणाली सुदृढिकरण अन्तर्गत उपचारको लाीग प्रेषण भएका विरामीहरुको संदर्भमा प्रेषण भई गएका स्वास्थ्य निकायहरुसँग सहकार्य तथा सहजिकरण गरिने छ ।

**रणनीति** ९.५ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा सानीभेरी गाउँपालिका  पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।

**रणनीति** ९.६ ज्येष्ठ नागरीक को सम्मानका लागी स्वास्थ्य तथा अन्य कार्यक्रमको आयोजना गरिने छ ।

**नीति १०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

**रणनीति** १०.१. गाउँपालिकामा सरकारी तथा निजि स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा गुणस्तर सुधार प्रणाली लागु तथा सुदृढ गर्न गाउँपालीका स्थरमा गुणस्तर सुनिस्चिता कार्यसमिति गठन गरीने छ ।

**रणनीति १०.२** निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।

**रणनीति** १०.३. एक जना जनस्वास्थ्य अधिकृत (सम्भव भए सम्म कार्यारत स्वास्थ्यकर्मी मध्ये) को व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधी समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र कार्बाही गर्ने व्यवस्था गरिने छ ।

**रणनीति** १०.४. सानीभेरी गाउँपालिका भरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

**रणनीति** १०.५. सानीभेरी गाउँपालिकामा, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका सानीभेरी गाउपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।

**रणनीति** १०.६ गाउँपालिकाभित्र सन्चालन हुने स्वास्थ्य सम्बन्धि सम्पूर्ण गतिविधिहरुको अनिवार्य अनुमति तथा जानकारी हुनु पर्ने व्यवस्था गरिने छ ।

**रणनीति** १०.७ सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

**नीति ११. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

**रणनीति** ११.१ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । सानीभेरी गाउँपालिका मा तोकिएका स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

**रणनीति** ११.२ सानीभेरी गाउँपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन् सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ ।

**रणनीति** ११.३. सानीभेरी गाउँपालिका आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा ( Buffer Stock)को रूपमा राखिनेछ ।

रणनीति ११.४. प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन् गर्न सानीभेरी गाउँपालिका स्तरीय समिति गठन् गरिने छ । सानीभेरी गाउँपालिका स्तरीय आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) र Early Warning Reporting System (EWARS) प्रभावकारी बनाईने छ ।

**रणनीति** ११.५. दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका ( सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश र संघ सरकार सँग समन्वय गरिनेछ ।

**रणनीति** ११.६ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग, एनिमियासम्बन्धी कार्यक्रम कार्यान्वनयनको स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवस्यकता अनुसार परिमार्जित गरिने छ ।

**रणनीति** ११.७ संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई सानीभेरी गाउँपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १२. स्वास्थ्य क्षेत्रमा सानीभेरी गाउँपालिकामा लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

**रणनीति** १२.१ औषधीको समूचित व्यवस्थापन र वितरणकालागि सानीभेरी गाउँपालिका स्तरीय औषधी भण्डारनको (Medical Store) व्यवस्था गरिनेछ ।

**रणनीति** १२.२. राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाइ सानीभेरी गाउँपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ ।

**रणनीति** १२.३. सानीभेरी गाउँपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चितगर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।

**रणनीति** १२.४. अति गरिव, असहाय, द्वन्द पीडित, लोपोन्मुख जातीलाई सानीभेरी गाउँपालीकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ । उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न सानीभेरी गाउपालिकाको सहुलियतमा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गरिनेछ साथै निशुल्क स्वास्थ्य विमा को व्यवस्था गरिने छ ।

**रणनीति** १२.५. सानीभेरी गाउँपालिका भित्र गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

**निति १३. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

**रणनीति** १३.१. सानीभेरी गाउँपालीका  भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

**रणनीति** १३.२. समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ।

**रणनीति** १३.३. वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

**रणनीति** १३.४. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास  रोगको कारक मानिएको घरभित्रहुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ र ५ वर्ष भित्र पूर्ण सफा चुलो गाउँपालिकाघोषणा गरिने छ ।

**रणनीति** १३.५ घर देखि नै सरसफाई भन्ने अभियान सन्चालन गरिने छ ।

**रणनीति** १३.६. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त गाउँपालिका बाट पूर्णसरसफाईसानीभेरी गाउँपालिका  बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ।

**रणनीति** १३.७. सानीभेरी गाउँपालिका  भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ ।

**रणनीति** १३.८ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**निति १४. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

**रणनीति** १४.१ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई सानीभेरी गाउँपालिका  भर प्रभावकारी रुपमा लागू गरिनेछ ।

**रणनीति** १४.२. स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्य कर्मिलाई आफ्नो काम, कर्तब्य प्रति जवाफदेही बनाईने छ ।

रणनीति १४.३.स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण (Social Audit), नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ छ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोगगरिने छ ।

**रणनीति** १४.४. स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई  जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने  छ ।

**रणनीति** १४.५ सानीभेरी गाउँपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिनेछ ।

**रणनीति** १४.६. सानीभेरी गाउँपालिका  भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**नीति १५. सानीभेरी गाउँपालिका  बासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई  बृद्धि गरिनेछ ।**

**रणनीति** १५.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना (Junk Food)  लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

**रणनीति** १५.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

**रणनीति** १५.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

**रणनीति** १५.४. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/ब्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति** १५.५ बहुक्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

**रणनीति** १५.६   वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रिबितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

**रणनीति** १५.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ ।

**रणनीति** १५.८ गर्भवतिहरुका लागि पोषण अवस्थाको मध्यनजर गर्दै विशेष कार्यक्रमको आयोजना गरिने छ ।

**नीति. १६. सानीभेरी गाउँपालिकाको जनसंख्यालाई ब्यवस्थापन गरी पालीकाको समग्र बिकासमा परीचालन गरीने छ।**

**रणनीति** १६.१ सानीभेरी गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरिनेछ।

**रणनीति** १६.२ जनसंख्या सम्बन्धित सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ।

**रणनीति** १६.३. हरेक बालबालिको अनिवार्य जन्मदर्ता समयमै गर्ने गराउने ब्यवस्था गरि ५ बर्ष सम्म ट्रयाकिंग गरिने छ। विद्यालय भर्ना गर्दा अनिवार्य जन्मदर्ता र खोप प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने व्यवस्था गरिने छ।

**रणनीति** १६.४. समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान (MPDSR) गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ।

**रणनीति** १६.५. मौसमी बसाई सराई, श्रम बसाई सराई, जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ।

**रणनीति** १६.६. वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ।

**रणनीति** १६.७. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार योजना सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

**रणनीति** १६.८. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ।

## ८. संस्थागत संरचना

८.१. नीति कार्यान्वयनका लागि सानीभेरी गाउँपालिको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन। त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि सानीभेरी गाउँपालिका स्तरमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र वा गाउपालीका अस्पताल स्थापना गरिनेछ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसग क्षमता अविवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा, डेन्टल सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा

आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

### ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः सानीभेरी गाउँपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न सानीभेरी गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणा लाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

### १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

### ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि सानीभेरी गाउँपालिका स्वास्थ्य ऐन कार्यान्वयन गरिनेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

### १२.जोखिम

यस पालिकाको बढ्दो जनआकांक्षा, भर्खरै संस्थागत स्वरुप लिई रहेको अवस्था, सिमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा पञ्चवर्षिय रणनीतिहरुले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न सानीभेरी गाउँपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

**१३. खारेजी**

हाल सम्म यस सानीभेरी गाउँपालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने देखिन्छ

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत